बागमती गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

झुरझुरे, मकवानपुर

आज मिति २०८१ साल असार ३० गते आइतबारका दिन बागमती गाउँपालिका, मकवानपुरको गाउँ सभाको १२ औं अधिवेशनको दोस्रो बैठक गाउँपालिकाका अध्यक्ष श्री सर्केश घलानज्यूको सभाध्यक्षतामा देहायको उपस्थितिमा सम्पन्न गरियो।

उपस्थितिहरु :

| क.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | सर्केश घलान | |
| २ | उपाध्यक्ष/सदस्य | फणिन्द्र कुमार तिमल्सिना | |
| ३ | जिसस(मकवानपुर) सदस्य | खड्क बहादुर पुलामी | |
| ४ | गाउँसभा सदस्य | यहुन्ना राई | |
| ५ | गाउँसभा सदस्य | जनक बहादुर पहरी | |
| ६ | गाउँसभा सदस्य | कमान सिं पाखिन | |
| ७ | गाउँसभा सदस्य | दन्त लाल माझी | |
| ८ | गाउँसभा सदस्य | विजय कुमार म्लोन | |
| ९ | गाउँसभा सदस्य | टेक बहादुर डिम्डुङ | |
| १० | गाउँसभा सदस्य | उत्तर बहादुर भोलन | |
| ११ | गाउँसभा सदस्य | इन्द्र मनि तिमल्सिना | |
| १२ | गाउँसभा सदस्य | पुनराम घलान | |
| १३ | गाउँसभा सदस्य | भिम भुजेल | |
| १४ | गाउँसभा सदस्य | डम्वर बहादुर विश्वकर्मा | |
| १५ | गाउँसभा सदस्य | अम्बिका विश्वकर्मा | अम्बिका |
| १६ | गाउँसभा सदस्य | उर्मिला वि.क | उर्मिला |
| १७ | गाउँसभा सदस्य | भगवती माया माझी | भगवती |
| १८ | गाउँसभा सदस्य | सुनिता नेगी | |

| क्र.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १९ | गाउँसभा सदस्य | कुमारी माया पहरी | कु मारी |
| २० | गाउँसभा सदस्य | सनी माया जिम्बा | |
| २१ | गाउँसभा सदस्य | सम्झना गोले | |
| २२ | गाउँसभा सदस्य | नाङसाल माया थोकर | नाङसल |
| २३ | गाउँसभा सदस्य | सरिता खुलाल | |
| २४ | गाउँसभा सदस्य | सुनिता पुलामी | सुनिता |
| २५ | गाउँसभा सदस्य | शान्ति पुलामी | |
| २६ | गाउँसभा सदस्य | देव कुमारी विश्वकर्मा | देव कुमारी |
| २७ | गाउँसभा सदस्य | विष्णु माया विश्वकर्मा | विष्णु |
| २८ | गाउँसभा सदस्य | फुल माया परियार | फुल |
| २९ | गाउँसभा सदस्य | सिता कुमारी वि.क. | |
| ३० | गाउँसभा सदस्य | मिठु माया वि.क. | |
| ३१ | गाउँसभा सदस्य | कमला माया विश्वकर्मा | कमला |
| ३२ | गाउँसभा सदस्य | सर्मिला विश्वकर्मा | |
| ३३ | गाउँसभा सदस्य | ज्ञान वहादुर राई | [illegible] |
| ३४ | गाउँसभा सदस्य | हस्त बहादुर थिङ | [illegible] |
| ३५ | गाउँसभा सदस्य | कृष्ण बहादुर श्रेष्ठ | [illegible] |
| ३६ | गाउँसभा सदस्य | राजु तितुङ लामा | [illegible] |
| ३७ | गाउँसभा सदस्य | तुल बहादुर मुक्तान | [illegible] |
| ३८ | गाउँसभा सदस्य | रतन बहादुर बज्यु | रतन |
| ३९ | गाउँसभा सदस्य | निर्जन कुमार घिसिङ | निर्ज [illegible] |
| ४० | गाउँसभा सदस्य | हेम बहादुर थिङ | [illegible] |
| ४१ | गाउँसभा सदस्य | राम सिं गोले | |
| ४२ | गाउँसभा सदस्य | गोविन्द स्याङतान | [illegible] |

| क.सं. | पद | नाम थर | दस्तखत |
| --- | --- | --- | --- |
| ४३ | गाउँसभा सदस्य | अकल बहादुर घलान | |
| ४४ | गाउँसभा सदस्य | कनक बहादुर राई | |
| ४५ | गाउँसभा सदस्य | जय बहादुर लोप्चन | [signature] |
| ४६ | गाउँसभा सदस्य | धन बहादुर पाखिन | [signature] |
| ४७ | गाउँसभा सदस्य | राज कुमार सिंजाली | |
| ४८ | गाउँसभा सदस्य | विवै सिं पाखिन | |
| ४९ | सदस्य सचिव | श्री झम्कनारायण घलान | [signature] |

आमन्त्रितः

मिति २०८१/०३/३० गतेको १२ औं गाउँसभाको बैठकको निर्णय

प्रस्तावहरु:

१. आर्थिक बिधयक, २०८१ स्वीकृती सम्बन्धमा।

२. बिनियोजन बिधयक, २०८१ स्वीकृती सम्बन्धमा।

३. नगर प्रहरीको सेवा सुविधा सम्बन्धमा।

४. लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा।

५. कार्यपालिकाको निर्णय अनुमोदन सम्बन्धमा।

६. न्यायिक समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा।

निर्णयहरु:

१. प्रस्ताव नं १ अनुसार गाउँसभाको बैठकमा पेश भएको आर्थिक बिधयक, २०८१ को मस्यौदा माथि छलफल गरी सो बिधयक स्वीकृत गर्ने निर्णय गरियो।

२. प्रस्ताव नं २ अनुसार गाउँसभाको बैठकमा पेश भएको बिनियोजन बिधयक, २०८१ को मस्यौदा माथि छलफल गरी सो बिधयक स्वीकृत गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं ३ अनुसार छलफल गरी नगर प्रहरीहरुलाई नियमानुसार कर कट्टी गरी रु. ४,५०० रासन भत्ता उपलव्ध गराउने निर्णय गरियो।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा आ.व २०७९।०८० को अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याईएका बेरुजुहरुको विषयमा लेखा समितिमा छलफल तथा निर्णय भई गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरी पेश हुन आएको आ.व. २०७९।०८० को अन्तिम लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित दफा र उक्त दफामा उल्लेख गरिएको लेखापरीक्षणको व्यहोरा माथि दफावार छलफल गरी अनुसूची-१ मा उल्लिखित नियमित गर्नु पर्ने बेरुजुहरु आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८७ (ग) बमोजिम नियमित गरी आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८९ अनुसार महालेखापरीक्षक समक्ष अनुरोध गर्ने सर्वसम्मतिमा निर्णय गरियो । साथै लेखापरीक्षण प्रतिवेदनले गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणालीलाई दृष्टिगत गरी लेखा व्यवस्थापन प्रणालीका सर्वमान्य आधारभूत सिद्धान्तमा आधारित रहि औंल्याईएको निर्देशनात्मक एवं सुधारात्मक पक्षलाई कडाईका साथ आत्मसात् गरी आगामी दिनमा आर्थिक मितव्यीता र आर्थिक अनुशासन कायम गर्न गराउन गाउँ कार्यपालिका तथा मातहतका सरोकारवालाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

सर्केश घलान
अध्यक्ष

मिति २०८१/०३/३० गतेको १२ औं गाउँसभाको बैठकको निर्णय

५. प्रस्ताव नं ५ बमोजिम छलफल गरी आ.व. २०८०/०८१ मा भएको कार्यपालिकाको बैठकको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

६. प्रस्ताव नं ६ अनुसार बागमती गाउँपालिका न्यायिक समितिको आ.व. २०८०/०८१ को वार्षिक प्रगति प्रतिवेदन माथि छलफल गरी सो प्रतिवेदनलाई अनुमोदन गर्ने निर्णय गरियो।

उपरोक्त निर्णयहरु उपस्थित सदस्यहरुको बहुमतले निर्णय गरी बैठक समापन गरियो।

सर्केश घलान
अध्यक्ष

## बागमती गाउँपालिका
## न्यायिक समितिको प्रतिवेदन
## आ.व. २०८०/०८१

| उजुरीको प्रकार | उजुरीको संख्या | फछ्र्यौट भएको | फछ्र्यौट हुन बाँकी | सम्बन्धित निकायमा पठाईएको | कैफयत |
|---|---|---|---|---|---|
| गत.आ.व.बाट सरि आएको विवाद (जग्गा र लेनदेन सम्बन्धि) | २ | | | १ | वादी प्रतिवादी दुवै पक्षलाई बोलाई पटक-पटक छलफल गर्दा सहमती नभएको हुँदा जिल्ला अदालत जान सुझाव दिई पठाएको । पक्ष नै म्याद गुजारी सम्पर्कमा नआएको हुँदा १ वटा विवाद रद्द/डिसमिस गरिएको । |
| जग्गा भोगचलन सम्बन्धी विवाद | ५ | ४ | | १ | |
| आर्थिक लेनदेन समबन्धी विवाद | ७ | ४ | १ | १ | पक्ष नै म्याद गुजारी सम्पर्कमा नआएको हुँदा विवाद रद्द/ डिसमिस गरिएको (१) |
| पारिवारिक झैझगडा सम्बन्धि विवाद | ३ | ३ | | | |
| स्थानीय तहको न्यायिक समितिमा निवेदन/उजुरी लेखन मा सहजीकरण गरिएको | | | | | |
| मेलमिलाप केन्द्र गठन गरिएको | | | | | बागमती गाउँपालिकामा रहेको ९ वटै वडामा मेलमिलाप केन्द्र गठन गरि संचालन भएको |
| मेलमिलापकेन्द्र व्यवस्थापनका लागि आवश्यक सामग्रीहरु उपलब्ध गरिएको | | | | | ९ थान स्टिल दराज, ९ थान टेबल, ४५ थान प्लास्टिक कुर्सी, ९ थान मेलमिलाप केन्द्र होर्डीङ्ग बोर्ड , ९ थान मेलमिलापकर्ता को फोटो सहितको फ्लेक्स |
| जम्मा | १७ | ११ | १ | ३ | |

तयार गर्ने
श्रीदेवी गोले
न्यायिक सहजकर्ता

प्रमाणित गर्ने
झम्कनारायण घलान
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-१ (... नं. ४ सँग सम्बन्धित)

| बेरुजुको ब्यहोरा | | | | फछ्र्यौटको ब्यहोरा | | |
|---|---|---|---|---|---|---|
| आ.व. | बेरुजु दफा नं. | ब्यहोरा | | ब्यहोरा | रकम (रु.) | फछ्र्यौट गर्ने अधिकारीको नाम, थर दर्जा |
| २०७९/०८० | २२ (कर्मचारी व्यवस्था) | **कर्मचारी व्यवस्था-** बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६ मा स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न नपाइने व्यवस्था छ। पालिकाले स्थानीय सेवाका स्थायी प्रकृतिका निम्न पदहरुमा कर्मचारी करारमा नियुक्त गरी रु.९०५२७७७।- तलब भत्ता भुक्तानी गरेको पाइयो। ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु. | ९०५२७७७.०० | बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६ मा स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न नपाइने व्यवस्था छ । पालिकाले स्थानीय सेवाका स्थायी प्रकृतिका निम्न पदहरुमा कर्मचारी करारमा नियुक्त गरी रु.९०५२७७७।- तलब भत्ता भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको र अनियमित भएको भनि महालेखापरीक्षकको कार्यालयबाट प्राप्त अन्तिम लेखापरीक्षणको प्रतिवेदनमा बेरुजु औंल्याईएकोमा स्थानीय तह एवं गाउँपालिकाको स्थापना कालको सुरुवाती चरणमा सङ्घीय सरकार तथा प्रदेशबाट स्वीकृत दरबन्दी बमोजिम कर्मचारी प्राप्त नहुँदा कर्मचारी अभाव हुन गएको कारण गाउँपालिकाबाट सम्पादन हुने एवं गरिने कार्य प्रकृति, कामको चापलाई मध्यनजर गर्दै नागरिकप्रति जिम्मेवार हुन विषम् परिस्थितिमा बाध्यात्मक तवरले उल्लिखित कर्मचारीहरु करारमा नियुक्ति गरिएको, अधिक जनसंख्या, नगरपालिका उन्मुख गाउँपालिका, | ९०५२७७७.०० | झम्कनारायण घलान<br>प्र.प्र.अ.<br>राजेश कुमार दास<br>लेखा प्रमुख |

सर्केश घलान
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | सेवा प्रवाहको विद्यमान अवस्था, सेवाको चाप, वडा तहबाट गुणस्तरीय सेवा प्रवाहका लागि तय गरिएको संयन्त्र, भौगोलिक विकटताका कारण नागरिकहरुलाई पायक पर्ने विभिन्न स्थानहरुमा सेवा केन्द्र निर्माण गरिनु पर्ने विवशता, निज कर्मचारीहरुमा व्यावसायिक क्षमता विकासमा गाउँपालिकाले गरेको लगानी, गाउँपालिकाले सम्पादन गर्नु पर्ने कामको प्रकृति हेर्दा स्वीकृत स्थायी दरबन्दीमा कर्मचारी पदपूर्ति भएको अवस्थामा समेत कर्मचारी नपुग हुने अवस्था, स्वीकृत दरबन्दीमा नियमित रुपमा कर्मचारी पदपूर्ति नहुनु, अनुमान योग्य सरुवा प्रणाली नहुँदा अव्यवस्थित एवं अवैज्ञानिक सरुवा प्रणालीको कारण सेवा प्रवाह अति नै प्रभावित हुन गएको गत विगतको तितो अनुभूति एवं सोको निरन्तरता कायमै रहन गएकोले सेवा प्रवाहलाई चुस्त, व्यवस्थित, गुणस्तरयुक्त बनाउन उल्लिखित कर्मचारीहरुलाई करार सेवामा म्याद थप गरी काममा लगाउनु गाउँपालिकाको बाध्यता भएको, आवश्यकताको आधारमा उल्लिखित कर्मचारीहरुको म्याद थप गर्ने, नगर्ने सर्वाधिकार गाउँ कार्यपालिकाको कार्यालयलाई रहेको, गत विगतमा करार सेवाका अनावश्यक कर्मचारीहरुको म्याद समेत थप नगरिएको हुँदा अब उप्रान्त कर्मचारी दरबन्दी सिर्जना गर्नु पर्दा, भर्ना गर्नु पर्दा सङ्घीय सरकार र प्रदेश सरकारको प्रचलित कानुन, मार्गदर्शन, निर्देशनका आधारमा Right Sizing को अवधारणालाई आत्मसात गर्दै O&M सर्वेक्षण एवं अद्यावधिक गरी गर्ने र करारका कर्मचारीहरुको म्याद थप गर्दा अत्यावश्यकता | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | बागमती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भुरुङे, मकवानपुर बागमती प्रदेश, नेपाल | लाई ध्यानमा राखी मितव्ययिता अपनाएर आगामी दिनमा व्यापक कटौती गर्दै लैजाने प्रतिबद्धताका साथ उक्त अनियमित भनि औंल्याईएको रु. ९०५२७७७।- बेरुजुको विषयमा लेखा समितिमा छलफल तथा निर्णय भई गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत गरी नियमित गर्न गाउँसभा समक्ष पेश हुन आएकोले उक्त अनियमित बेरुजु गाउँसभाबाट समर्थन गरी नियमित गरिएकोले फर्स्यौट एवं लगत कट्टा गर्न महालेखापरीक्षक समक्ष अनुरोध गर्ने रकम रु. | | |
| २०७९/०८० | २४ (शीर्षक फरक खर्च) | शीर्षक फरक खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१२) अनुसार कार्यालय प्रमुखले कुनै बजेट उपशीर्षकमा विनियोजित बजेट रकम अपर्याप्त छ र सो रकम खुलाई सोही उपशीर्षकको अर्को खर्च उपशीर्षकको मौज्दात रकमबाट खर्च गरी त्यसरी खर्च भएको रकम नियमित गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष निम्न उपशीर्षकमा विनियोजित बजेट के कति नपुग हुने हो यकिन नै नगरी के कति कारणले अर्को उपशीर्षकमा विनियोजित बजेट रकमबाट खर्च गर्नु परेको हो कारण समेत नखुलाई नियमसम्मत भएको मात्र नसकिने रु. | १३०००००.०० | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१२) अनुसार कार्यालय प्रमुखले कुनै बजेट उपशीर्षकमा विनियोजित बजेट रकम अपर्याप्त छ र सो रकम खुलाई सोही उपशीर्षकको अर्को खर्च उपशीर्षकको मौज्दात रकमबाट खर्च गरी त्यसरी खर्च भएको रकम नियमित गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष निम्न उपशीर्षकमा विनियोजित बजेट के कति नपुग हुने हो यकिन नै नगरी के कति कारणले अर्को उपशीर्षकमा विनियोजित बजेट रकमबाट खर्च गर्नु परेको हो कारण समेत नखुलाई नियमसम्मत भएको मात्र नसकिने भनि महालेखा परीक्षकको कार्यालयबाट प्राप्त अन्तिम लेखापरीक्षण प्रतिवेदनमा बेरुजु औंल्याईएकोमा बागमती गाउँपालिका पुँजीगत खर्चखाताबाट गो.भौ.नं. ३८१ मार्फत एक्साभेटर खरिद बापतको भुक्तानी गर्दा सम्बन्धित बजेट उपशीर्षकमा विनियोजन रकमबाट भुक्तानी | १३०००००.०० | झम्कनारायण घलान प्र.प्र.अ. राजेश कुमार दास लेखा प्रमुख |

सर्केश घलान
अध्यक्ष

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | गर्नको लागि उक्त शीर्षकको श्रोत राजश्व बाँडफाँड-संघीय सरकार रहेको र उक्त स्रोतको रकम निकासा नभएको कारण स्रोतको रकम निकासा भए पश्चात् खर्च शीर्षक समायोजन हुने गरी तत्काल शव वाहन खरिद शीर्षकबाट समेत खर्च लेखी भुक्तानी गरिएको र आर्थिक वर्षको अन्तसम्ममा पनि संघीय सरकार राजश्व बाँडफाँड शीर्षकको रकम अनुमानित रकम भन्दा रु.२६१७०६९८.८९ कम निकास भई अन्य भुक्तानीमा समेत समस्या देखिएको हुँदा आगामी दिनमा यस्ता प्रकारका समस्याहरु न्यूनीकरण हुने गरि बजेटको कार्यान्वयनमा ध्यान पुऱ्याउने प्रतिवद्धता सहित औल्याईएको रु.१२०००००।- बेरुजुको विषयमा लेखा समितिमा छलफल तथा निर्णय भई गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत गरी नियमित गर्न गाउँसभा समक्ष पेश हुन आएकोले उक्त अनियमित बेरुजु गाउँसभाबाट समर्थन गरी नियमित गरिएकोले फर्स्यौट एवं लगत कट्टा गर्न महालेखापरीक्षक समक्ष अनुरोध गर्ने रकम रु. | | |
| २०७९/०८० | ४३<br>(समपुरक अनुदान) | समपुरक अनुदानः समपुरक अनुदान सम्बन्धी (तस्रो संशोधन) कार्यविधि, २०७७ को दफा ६ र प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ दफा ४ मा क्रमशः कुल लागतको अधिकतम ५० प्रतिशत सम्म नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई र प्रदेश सरकारले स्थानीय तहलाई समपुरक अनुदानको रकम प्रदान गर्न सक्ने व्यवस्था छ । पालिकाले निम्न योजनामा कुल लागतको अधिकतम | १२४३६५६४.५० | समपुरक अनुदान सम्बन्धी (तस्रो संशोधन) कार्यविधि, २०७७ को दफा ६ र प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ दफा ४ मा क्रमशः कुल लागतको अधिकतम ५० प्रतिशतसम्म नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई र प्रदेश सरकारले स्थानीय तहलाई समपुरक अनुदानको रकम प्रदान गर्न सक्ने व्यवस्था छ। पालिकाले निम्न योजनामा कुल लागतको अधिकतम ५० प्रतिशत भन्दा बढी संघीय समपुरक अनुदानतर्फ रु. | १२४३६५६४.५० | झमकनारायण घलान<br>प्र.प्र.अ.<br>राजेश कुमार दास<br>लेखा प्रमुख |

सर्केश घलान
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ५० प्रतिशत भन्दा बढी संघीय सम्पुरक अनुदानतर्फ रु. ३०४५८६०।५० र प्रदेश अनुदानतर्फ रु.९३९८७८४।०० समेत रु.१२४३६५६४।५० खर्च व्ययभार गराएको छ। कार्यविधिमा व्यवस्था भए भन्दा संघ र प्रदेश सरकारलाई बढी व्ययभार परेको रकम पालिकाले सम्बन्धित सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु. | | ३०४५८६०।५० र प्रदेश अनुदानतर्फ रु.९३९८७८४।०० समेत रु.१२४३६५६४।५० खर्च व्ययभार गराएको छ । कार्यविधिमा व्यवस्था भए भन्दा संघ र प्रदेश सरकारलाई बढी व्ययभार परेको रकम पालिकाले सम्बन्धित सञ्चित कोषमा फिर्ता गर्नुपर्ने र प्रमाण पेश नगरेको भनि महालेखापरीक्षकको कार्यालयबाट प्राप्त अन्तिम लेखापरीक्षण प्रतिवेदनमा बेरुजु औंल्याईएकोमा अब उप्रान्त प्रचलित कार्यविधि अनुसार खर्च गर्ने प्रतिबद्धताका साथ गाउँपालिकाको आन्तरिक राजश्वको अवस्था कमजोर एवं सुधारोन्मुख अवस्थामा रहेको, उल्लिखित रकम फिर्ता गर्नु पर्दा गाउँपालिकाको अन्य महत्वपूर्ण योजना तथा कार्यक्रम कार्यान्वयनमा बजेट अपुग हुने देखिएकोले अन्तिम एकपटकको लागि औंल्याईएको रु.१२४३६५६४।५० बेरुजुको विषयमा लेखा समितिमा छलफल तथा निर्णय भई गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत गरी नियमित गर्न गाउँसभा समक्ष पेश हुन आएकोले उक्त अनियमित बेरुजु गाउँसभाबाट समर्थन गरी नियमित गरिएकोले फर्स्यौट एवं लगत कट्टा गर्न महालेखापरीक्षक समक्ष अनुरोध गर्ने रकम रु. | | |
| २०७९/०८० | ४६<br>(सोझै खरिद) | सोझै खरिदः सार्वजनिक खरिद ऐन, २०६३ को दफा (२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने व्यवस्था छ। नमुना छनौटको | ५०२५१०४.०० | सार्वजनिक खरिद ऐन, २०६३ को दफा (२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने व्यवस्था छ। नमुना छनौटको आधारमा परीक्षण गर्दा पालिकाले यो | ५०२५१०४.०० | झम्कबहादुर घलान<br>प्र.प्र.अ.<br>राजेश कुमार दास<br>लेखा प्रमुख |

राकेश घलान
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | आधारमा परीक्षण गर्दा पालिकाले यो वर्ष निम्नानुसारको खरिद कार्य वार्षिक खरिद योजना तयार गरी प्याकेज बनाई बोलपत्रको माध्यमबाट प्रतिस्पर्धात्मक रुपमा सम्पन्न गर्नु पर्नेमा टुक्रा पारी विभिन्न निर्माण व्यवसायी तथा आपूर्तिकर्ताबाट प्रतिस्पर्धा सिमित हुने गरी सोझै खरिदबाट रु.५०२५१०४।- भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु. | | वर्ष निम्नानुसारको खरिद कार्य वार्षिक खरिद योजना तयार गरी प्याकेज बनाई बोलपत्रको माध्यमबाट प्रतिस्पर्धात्मक रुपमा सम्पन्न गर्नु पर्नेमा टुक्रा पारी विभिन्न निर्माण व्यवसायी तथा आपूर्तिकर्ताबाट प्रतिस्पर्धा सिमित हुने गरी सोझै खरिदबाट रु.५०२५१०४।- भुक्तानी गरेको नियमसम्मत नदेखिएको र अनियमित भएको भनि महालेखापरीक्षकको कार्यालयबाट प्राप्त अन्तिम लेखापरीक्षणको प्रतिवेदनमा बेरुजु औंल्याईएकोमा आगामी दिनहरुमा खरिद प्रक्रियालाई प्रतिस्पर्धात्मक हुनेगरी टेण्डर प्रक्रिया अपनाई प्रभावकारी रुपमा खरिद प्रक्रियालाई चुस्त, दुरुस्त र पारदर्शी बनाउन सार्वजनिक खरिद ऐन तथा नियमावलीको पालना गर्ने/गराउने प्रतिबद्धता सहित औंल्याईएको रु. ५०२५१०४।–बेरुजुको विषयमा लेखा समितिमा छलफल तथा निर्णय भई गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत गरी नियमित गर्न गाउँसभा समक्ष पेश हुन आएकोले उक्त अनियमित बेरुजु गाउँसभाबाट समर्थन गरी नियमित गरिएकोले फर्स्यौट एवं लगत कट्टा गर्न महालेखापरीक्षक समक्ष अनुरोध गर्ने रकम रु. | | |
| २०७९/०८० | ५८ (कानुनी परामर्शदाता तथा खेलकुद प्रशिक्षक) | कानुनी परामर्शदाता तथा खेलकुद प्रशिक्षकः बागमती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव, कानुनी सल्लाहकार, प्रेस सहजकर्ता राख्न पाउने व्यवस्था गरेको छैन | ८०९०००.०० | बागमती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव, कानुनी सल्लाहकार, प्रेस सहजकर्ता राख्न पाउने व्यवस्था गरेको छैन । त्यसै गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा | ८०९०००.०० | झमकनारयण घलान प्र.प्र.अ. राजेश कुमार दास लेखा प्रमुख |

सर्केश घलान
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | । त्यसै गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) अनुसार तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने व्यवस्था छ । गाउँ पालिकाले गाउँपालिकाको अध्यक्षको कानुनी सल्लाहकार १ जना तथा खेलकुद प्रशिक्षकको रुपमा ३ जना करारमा नियुक्त गरी रु.८०९०००।– भुक्तानी गरेको कार्य अनियमित देखिएको रु. | | ८३(८) अनुसार तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने व्यवस्था छ। पालिकाले गाउँपालिकाको अध्यक्षको कानुनी सल्लाहकार १ जना तथा खेलकुद प्रशिक्षकको रुपमा ३ जना करारमा नियुक्त गरी रु.८०९०००।– भुक्तानी गरेको कार्य अनियमित देखिएको भनि महालेखापरीक्षकको कार्यालयबाट प्राप्त अन्तिम लेखापरीक्षणको प्रतिवेदनमा बेरुजु औल्याईएकोमा गत विगत आ.व. मा गाउँपालिकाले आवश्यकता महशुस गरी उक्त पदहरुबाट सेवा लिएकोमा अब उप्रान्त त्यसको विकल्प खोज गरी मितव्यिता अपनाउने प्रतिबद्धता सहित औल्याईएको रु. ८०९०००.००।– बेरुजुको विषयमा लेखा समितिमा छलफल तथा निर्णय भई गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत गरी नियमित गर्न गाउँसभा समक्ष पेश हुन आएकोले उक्त अनियमित बेरुजु गाउँसभाबाट समर्थन गरी नियमित गरिएकोले फर्स्यौट एवं लगत कट्टा गर्न महालेखापरीक्षक समक्ष अनुरोध गर्ने रकम रु. | | |
| २०७९/०८० | ६१<br>(क्यू आर कोड प्रमाणीकरण तथा आई एम यु सुदृढीकरण कार्यक्रम) | क्यू आर कोड प्रमाणीकरण तथा आई एम यु सुदृढीकरण कार्यक्रमः स्वास्थ्य सेवा विभागले तयार गरेको स्थानीय तह कार्यक्रम सञ्चालन मार्दर्शन, २०७९/०८० अनुसारको व्यवस्थापन कार्यक्रम अन्तर्गतको कोभिड १९ को भ्याक्सिनको डिजिटाइजेसन तथा क्यू आर कोड प्रमाणीकरण कार्यक्रममा स्थानीय तह अन्तर्गत रहेका स्वास्थ्य संस्था, गैर सरकारी स्वास्थ्य संस्था तथा निजी स्वास्थ्य | १२९७२४.०० | क्यू आर कोड प्रमाणीकरण तथा आई एम यु सुदृढीकरण कार्यक्रमः स्वास्थ्य सेवा विभागले तयार गरेको स्थानीय तह कार्यक्रम सञ्चालन मार्दर्शन, २०७९/०८० अनुसारको व्यवस्थापन कार्यक्रम अन्तर्गतको कोभिड १९ को भ्याक्सिनको डिजिटाइजेसन तथा क्यू आर कोड प्रमाणीकरण कार्यक्रममा स्थानीय तह अन्तर्गत रहेका स्वास्थ्य संस्था, गैर सरकारी स्वास्थ्य संस्था तथा निजी स्वास्थ्य संस्थाहरुबाट IHMIS को DHIS-2 प्रणालीमा मासिक प्रतिवेदन गर्ने | १२९७२४.०० | झम्कनारयण घलान<br>प्र.प्र.अ.<br>राजेश कुमार दास<br>लेखा प्रमुख |

सकेश्री घलान
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | संस्थाहरुबाट IHMIS को DHIS-2 प्रणालीमा मासिक प्रतिवेदन गर्ने संस्थाहरुको Recording तथा Reporting गर्ने Focal Person हरुलाई सहभागी गराई ३ दिने तालिम दिनुपर्ने साथै सोही कार्यक्रम अन्तर्गतको स्वास्थ्य सूचना साथै आइ एम यू सुदृढीकरण कार्यक्रममा व्यवस्था भएको अनुदान रकम पालिकाको स्वास्थ्य शाखाले इन्टरनेट सेवा तथा शाखाको प्रत्येक महिना हुने नियमित बैठकमा खाजा खर्चको लागि खर्च गर्न सक्ने व्यवस्था छ ।पालिकाले कार्यक्रम मार्गदर्शनले सम्बन्धित कार्यक्रम अन्तर्गत तोकेको तालिम तथा इन्टरनेट सेवामा खर्च गर्नुपर्ने अनुदान रकम सो नगरी वर्षान्तमा फ्रिज हुन नदिने उद्देश्यले ल्यापटप खरिद गरी रु.१२९७२४।- भुक्तानी गरेको कार्य अनियमित देखिएको रु. | | संस्थाहरुको Recording तथा Reporting गर्ने Focal Person हरुलाई सहभागी गराई ३ दिने तालिम दिनुपर्ने साथै सोही कार्यक्रम अन्तर्गतको स्वास्थ्य सूचना साथै आइ एम यू सुदृढीकरण कार्यक्रममा व्यवस्था भएको अनुदान रकम पालिकाको स्वास्थ्य शाखाले इन्टरनेट सेवा तथा शाखाको प्रत्येक महिना हुने नियमित बैठकमा खाजा खर्चको लागि खर्च गर्न सक्ने व्यवस्था छ ।पालिकाले कार्यक्रम मार्गदर्शनले सम्बन्धित कार्यक्रम अन्तर्गत तोकेको तालिम तथा इन्टरनेट सेवामा खर्च गर्नुपर्ने अनुदान रकम सो नगरी वर्षान्तमा फ्रिज हुन नदिने उद्देश्यले ल्यापटप खरिद गरी रु.१२९७२४।- भुक्तानी गरेको कार्य अनियमित देखिएको भनि महालेखापरीक्षकको कार्यालयबाट प्राप्त अन्तिम लेखापरीक्षणको प्रतिवेदनमा बेरुजु औल्याईएकोमा अब उप्रान्त जुन शीर्षकमा बजेट प्राप्त भएको छ सोही शीर्षकमा मात्र खर्च गर्ने प्रतिबद्धता सहित औल्याईएको रु. रु.१२९७२४।- बेरुजुको विषयमा लेखा समितिमा छलफल तथा निर्णय भई गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत गरी नियमित गर्न गाउँसभा समक्ष पेश हुन आएकोले उक्त अनियमित बेरुजु गाउँसभाबाट समर्थन गरी नियमित गरिएकोले फर्छ्यौट एवं लगत कट्टा गर्न महालेखापरीक्षक समक्ष अनुरोध गर्ने रकम देखिएको रु. | | |
| २०७९/०८० | ६३ (औषधि खरिद) | औषधि खरिदः स्वास्थ्य सेवा विभागले तयार गरेको स्थानीय तह कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९/०८० अनुसारको | ४६०५०.०० | स्वास्थ्य सेवा विभागले तयार गरेको स्थानीय तह कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९/०८० अनुसारको आइएनएनसिआइ | ४६०५०.०० | झम्कनारायण चलाउन प्र.प्र.अ.<br>राजेश कुमार दास लेखा प्रमुख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | आइएमएनसिआइ समीक्षा कार्यक्रम अन्तर्गतको कियाकलाप नं. ११.२ को आइएमएनसिआइ अनसाइट कोभिड कार्यक्रम सञ्चालनका लागि आइएमएनसिआइका लागि गाउँपालिकाले यस कार्यक्रम अन्तर्गतको बजेटबाट रु.५० हजारसम्मको मात्र औषधि खरिद गर्नको लागि बजेट खर्च गर्न सक्ने व्यवस्था छ। पालिकाले सेवक फर्मा, हेटौंडालाई यस कार्यक्रम अन्तर्गतको औषधि खरिद बापत रु.९६०५०/- मिति २०७९/११/१० मा भौ.नं. ७८ बाट भुक्तानी खर्च लेखेकोले कार्यक्रम मार्गदर्शनले तोकेको भन्दा बढी रकमको औषधि खरिद गरेको कार्य नियमानुसार नभएको रु. | | समीक्षा कार्यक्रम अन्तर्गतको कियाकलाप नं. ११.२ को आइएमएनसिआइ अनसाइट कोभिड कार्यक्रम सञ्चालनका लागि आइएमएनसिआइका लागि गाउँपालिकाले यस कार्यक्रम अन्तर्गतको बजेटबाट रु.५० हजारसम्मको मात्र औषधि खरिद गर्नको लागि बजेट खर्च गर्न सक्ने व्यवस्था छ । पालिकाले सेवक फर्मा, हेटौंडालाई यस कार्यक्रम अन्तर्गतको औषधि खरिद बापत रु.९६०५०/- मिति २०७९/११/१० मा भौ.नं. ७८ बाट भुक्तानी खर्च लेखेकोले कार्यक्रम मार्गदर्शनले तोकेको भन्दा बढी रकमको औषधि खरिद गरेको कार्य नियमानुसार नभएको भनि महालेखापरीक्षकको कार्यालयबाट प्राप्त अन्तिम लेखापरीक्षणको प्रतिवेदनमा बेरुजु औल्याईएकोमा अब उप्रान्त जुन शीर्षकमा बजेट प्राप्त भएको छ सोही शीर्षकमा तोकिएको सीमा भित्र रहेर मात्र खर्च गर्ने प्रतिबद्धता सहित औल्याईएको रु. ४६०५० बेरुजुको विषयमा लेखा समितिमा छलफल तथा निर्णय भई गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत गरी नियमित गर्न गाउँसभा समक्ष पेश हुन आएकोले उक्त अनियमित बेरुजु गाउँसभाबाट समर्थन गरी नियमित गरिएकोले फर्स्यौट एवं लगत कट्टा गर्न महालेखापरीक्षक समक्ष अनुरोध गर्ने रकम रु. | | |
| २०७९/०८० | ६६ (गत वर्षको दायित्व भुक्तानी) | गत वर्षको दायित्व भुक्तानीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१५) अनुसार भुक्तानी दिन बाँकीको विवरण समावेश भएको भुक्तानी दिन बाँकी रहेको | १२२५००.०० | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१५) अनुसार भुक्तानी दिन बाँकीको विवरण समावेश भएको भुक्तानी दिन बाँकी रहेको स्वीकृत दरबन्दीको तलब, महंगी भत्ता सम्बन्धित बजेट | १२२५००.०० | झम्कनारायण चलान प्र.प्र.अ. राजेश कुमार दास लेखा प्रमुख |

बागमती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कुरकुरे, मकवानपुर बागमती प्रदेश, नेपाल

[signature] चलाम अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | स्वीकृत दरबन्दीको तलब, महंगी भत्ता सम्बन्धित बजेट रकमबाट पुग्ने देखिएमा कार्यालयले भुक्तानी दिन सक्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्न विद्यालयहरुको २०७९ बैशाख देखि आषाढको छुट भएको भुक्तानी दिन बाँकीको विवरणमा समावेश नभएको तलब भत्ता यस वर्ष भुक्तानी गरेकोले भुक्तानी दिन बाँकीको विवरणमा समावेश नभएको गत आर्थिक वर्षको दायित्व भुक्तानी गरेको कार्य नियमअनुसार नभएको रु. | | रकमबाट पुग्ने देखिएमा कार्यालयले भुक्तानी दिन सक्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्न विद्यालयहरुको २०७९ बैशाख देखि आषाढको छुट भएको भुक्तानी दिन बाँकीको विवरणमा समावेश नभएको तलब भत्ता यस वर्ष भुक्तानी गरेकोले भुक्तानी दिन बाँकीको विवरणमा समावेश नभएको गत आर्थिक वर्षको दायित्व भुक्तानी गरेको कार्य नियमअनुसार नभएको भनि महालेखापरीक्षकको कार्यालयबाट प्राप्त अन्तिम लेखापरीक्षणको प्रतिवेदनमा बेरुजु औंल्याईएकोमा यस्तो परिस्थितको सिर्जना हुन पुगेको अवस्थामा अब उप्रान्त प्रचलित कानुन अनुसार अभिलेखको अद्यावधिक गरी विवरणहरुको उचित लेखांकन सहित समावेश गराई भुक्तानी गर्ने प्रतिवद्धता सहित औंल्याईएको रु. १२२५०० बेरुजुको विषयमा लेखा समितिमा छलफल तथा निर्णय भई गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत गरी नियमित गर्न गाउँसभा समक्ष पेश हुन आएकोले उक्त अनियमित बेरुजु गाउँसभाबाट समर्थन गरी नियमित गरिएकोले फर्स्यौट एवं लगत कट्टा गर्न महालेखापरीक्षक समक्ष अनुरोध गर्ने रकम रु. | | |
| २०७९/०८० | ६७ (पुस्तकालय स्थापना अनुदान) | पुस्तकालय स्थापना अनुदानः शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/०८० को क्रियाकलाप नं. २.७.१३.१३ अन्तर्गतको उपक्रियाकलाप विद्यालय पुस्तकालय स्थापना तथा व्यवस्थापनको लागि छनौट | ८७०१०.०० | पुस्तकालय स्थापना अनुदानः शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/०८० को क्रियाकलाप नं. २.७.१३.१३ अन्तर्गतको उपक्रियाकलाप विद्यालय पुस्तकालय स्थापना तथा व्यवस्थापनको लागि छनौट भएका विद्यालयलाई | ८७०१०.०० | झक्कनारायण घलान प्र.प्र.अ. राजेश कुमार दास लेखा प्रमुख |

सचिव प्रधान अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | भएका विद्यालयलाई प्रति विद्यालय एकमुष्ठ ६ लाख ५० हजारको दरले अनुदान दिन, उक्त अनुदानबाट विद्यालयले पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री खरिद गर्नुपर्ने र लाईब्रेरीका लागि आवश्यक फर्निचरहरु जस्तै: पुस्तक र्‍याक, कुर्सी, टेबुल लगायतका सामग्रीहरु व्यवस्था गर्न कुल बजेटको २५ प्रतिशत सम्म बजेट खर्च गर्न सक्ने व्यवस्था गरेको छ । पालिकाले पद्मकन्या आ.वि., वडा नं. ५ लाई पुस्तकालय स्थापनाका लागि अनुदान रकम प्रदान गरेकोमा अनुदान रकम खर्च गर्दा पाठ्यपुस्तक तथा फर्निचरका साथै अन्य फरक कार्य कम्प्युटर खरिदमा रु.८७०१०।– खर्च गरेकोले कार्यान्वयन पुस्तिकाले तोकेको भन्दा फरक कार्यमा गरेको खर्च नियमानुसार नभएको रु. | बागमती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय झुरझुरे, मकवानपुर बागमती प्रदेश, नेपाल | प्रति विद्यालय एकमुष्ठ ६ लाख ५० हजारको दरले अनुदान दिन, उक्त अनुदानबाट विद्यालयले पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री खरिद गर्नुपर्ने र लाईब्रेरीका लागि आवश्यक फर्निचरहरु जस्तै: पुस्तक र्‍याक, कुर्सी, टेबुल लगायतका सामग्रीहरु व्यवस्था गर्न कुल बजेटको २५ प्रतिशत सम्म बजेट खर्च गर्न सक्ने व्यवस्था गरेको छ। पालिकाले पद्मकन्या आ.वि., वडा नं. ५ लाई पुस्तकालय स्थापनाका लागि अनुदान रकम प्रदान गरेकोमा अनुदान रकम खर्च गर्दा पाठ्यपुस्तक तथा फर्निचरका साथै अन्य फरक कार्य कम्प्युटर खरिदमा रु.८७०१०।– खर्च गरेकोले कार्यान्वयन पुस्तिकाले तोकेको भन्दा फरक कार्यमा गरेको खर्च नियमानुसार नभएको भनि महालेखापरीक्षकको कार्यालयबाट प्राप्त अन्तिम लेखापरीक्षणको प्रतिवेदनमा बेरुजु औंल्याईएकोमा अब उप्रान्त जुन शीर्षकमा बजेट प्राप्त भएको छ सोही शीर्षकमा मात्र खर्च गर्ने प्रतिबद्धता सहित औंल्याईएको रु.८७०१०।– बेरुजुको विषयमा लेखा समितिमा छलफल तथा निर्णय भई गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत गरी नियमित गर्न गाउँसभा समक्ष पेश हुन आएकोले उक्त अनियमित बेरुजु गाउँसभाबाट समर्थन गरी नियमित गरिएकोले फस्यौंट एवं लगत कट्टा गर्न महालेखापरीक्षक समक्ष अनुरोध गर्ने रकम रु. | | |

केश घलान
अध्यक्ष